भएको सूचनाको विवरण गोप्य राखिनेछ ।

**६२. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः**

यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पु¥याएको मानिने छैन ।

**६३. नेपाल सरकार वादी हुनेः**

यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

**६४. मुद्दाको अनुसन्धान र दायरीः**

(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ र त्यस्तो अनुसन्धानको काम पूरा भएको पैंतिस दिनभित्र न्यायिक समिति समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(२) निरीक्षण अधिकृतले उपदफा (१) बमोजिमको मुद्दा दायर गर्नु अघि कानून अधिकृतको राय लिनु पर्नेछ ।

**६५. संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः**

(१) यस ऐन अन्तर्गत दायर भएको मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तीन वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा सामान्य कार्यविधि अपनाउनु पर्नेछ ।

**६६. असल नियतले गरेको कामको बचाउः**

अनुगमन समिति, निरीक्षण अधिकृत, क्षतिपूर्ति समिति वा नेपालसरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रूपले जवाफदेही हुने छैन ।

**६७. यसै ऐन बमोजिम हुनेः**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐन अर्न्तगत बनेको नियममा लेखिए जति कुरा यसै ऐन बमोजिम हुनेछ ।

**६८. नियम बनाउन सक्नेः**

यस ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकाले आवश्यक नियम बनाउने सक्नेछ ।